# एकल महिला संरक्षण कार्यक्रम सम्बन्धी कार्यविधि, २०७६

सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश,
पोखरा, नेपाल ।

# एकल महिला संरक्षण कार्यक्रम सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावना**

एकल महिलाको सशक्तीकरण, क्षमता तथा मर्यादा अभिवृद्धि गरी सामाजिक न्यायको लागि आर्थिक तथा सामाजिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित संरक्षण तथा प्रवर्धन गर्दै आर्थिक सशक्तीकरण एवं जीविकोपार्जनमा सहयोग पुऱ्याउन वाञ्छनीय भएकोले गण्डकी प्रदेश सरकार मन्त्रीपरिषद्बाट यो कार्यविधि स्वीकृत गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**एकल महिला संरक्षण कार्यक्रम सम्बन्धी कार्यविधि २०७६**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "एकल महिला" भन्नाले सम्बन्ध विच्छेद गरेकी महिला, विधवा, पैंतिस वर्ष उमेर पूरा गरेकी अविवाहित महिला, पाँच वर्षभन्दा बढी समय देखि पति हराई वा बेपत्ता भएकी महिला, अंशवण्डा गरी वा मानो छुटिई पतिसँग अलग बसेकी महिलालाई सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ग) "सचिव" भन्नाले सामाजिक विकास मन्त्रालयको सचिव सम्झनुपर्छ ।

(घ) "महाशाखा" भन्नाले मन्त्रालय अन्तर्गतको सामाजिक विकास महाशाखालाई सम्झनु पर्दछ ।

(ङ) "समिति" भन्नाले यो कार्यविधि अनुसार गठन गरिएको समितिलाई सम्झनु पर्दछ ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका तथा जिल्ला सभालाई सम्झनुपर्छ ।

(छ) "नगरपालिका" भन्नाले नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्छ ।

सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश पोखरा, नेपाल

## परिच्छेद २

## एकल महिला संरक्षण कार्यक्रम कार्यान्वयन प्रक्रिया

३. **अख्तियारी प्रदान गर्नेः** (१) मन्त्रालयले एकल महिला संरक्षण कार्यक्रमको लागि प्रत्येक स्थानीय तहलाई संख्या निर्धारण गरी चालू आर्थिक वर्षभित्र खर्च गर्नको लागि कार्यक्रम सहित अख्तियारी प्रदान गर्नेछ ।

(२) स्थानीय तहले प्राप्त अख्तियारी रकमबाट दफा ४ बमोजिमका क्षेत्रहरुमा खर्च गर्नुपर्नेछ

४. **संरक्षण वापतको रकम उपलब्ध गराउने** क्षेत्रहरुः (१)अति विपन्न एकल महिलाहरुलाई देहायका क्षेत्रमा आवश्यकता र प्राथमिकताको आधारमा संरक्षण वापतको रकम अनुदान स्वरुप उपलब्ध गराउन सकिनेछ ।

(क) स्वरोजगार

(ख) जीविकोपार्जन सहयोग,

(ग) औषधी उपचार,

(घ) कानुनी उपचार तथा मनोसामाजिक विर्मश,

(ङ) शैक्षिक सहयोग,

(च) राहत तथा पुनर्स्थापना,

(छ) उद्धार

(२) उपदफा (१) को खण्ड (क) र (ख) वमोजिमको क्षेत्रमा रकम उपलब्ध गराउँदा तालिम प्राप्त गरेका एकल महिलाहरुलाई प्राथमिकतामा राखि वीउपूँजि अनुदानको रुपमा उपलब्ध गराउन सकिनेछ ।

५. **संख्या निर्धारण समितिको गठनः** (१) एकल महिला संरक्षण बापतको रकम उपलब्ध गराउनको लागि स्थानीय तहगत संख्या निर्धारण गरी सिफारिस गर्नको लागि मन्त्रालयमा एक संख्या निर्धारण समिति रहनेछ -

| | |
|---|---|
| (क) सामाजिक विकास महाशाखा प्रमुख | संयोजक |
| (ख) आर्थिक मामिला तथा योजना मन्त्रालय अधिकृत प्रतिनिधी | सदस्य |
| (ग) स्वास्थ्य महाशाखा अधिकृत प्रतिनिधी | सदस्य |
| (घ) शिक्षा महाशाखा अधिकृत प्रतिनिधी | सदस्य |

सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

(ङ) प्रशासन तथा योजना महाशाखा अधिकृत प्रतिनिधी | सदस्य
(च) महिला विकास अधिकृत | सदस्य-सचिव

६. **स्थानीय तहमा छनौट तथा सिफारिस समितिको व्यवस्थाः** प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछ ।

(क) गाँउ/नगरपालिकाका उपप्रमुख — संयोजक
(ख) कार्यपालिकाको सामाजिक विकास समिति संयोजक — सदस्य
(ग) महिला तथा बालबालिका/सामाजिक शाखाको प्रमुख — सदस्य सचिव

७. **समितिको काम, कर्तव्य र अधिकारः** दफा ६ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) एकल महिलाको निवेदन संकलन गर्ने,
(ख) निवेदन उपर छानविन, मूल्याङ्कन तथा प्राथमिकिकरण गर्ने,
(ग) दफा ४ मा उल्लेखित क्षेत्रहरु पहिचान गरी आवश्यकताका आधारमा अनुदान रकम उपलब्ध गराउन सम्बन्धीत स्थानीय तहलाई सिफारिस गर्नेछ र स्थानीय तहले अनुदान रकम पाउने एकल महिलाको अन्तिम निर्णय गर्नेछ,
(घ) रकम उपलब्ध गराइएका एकल महिलाहरुको विवरण अनुसूची १ बमोजिमको ढाँचामा तयार गरी रकम वितरण गरेको विवरण एक महिनाभित्र मन्त्रालयमा पठाउने ।

८. **आवश्यक कागजातहरुः** कुनै पनि एकल महिलाले एकल महिला संरक्षण सम्बन्धी रकम मागदावी गर्दा निम्न कागजातहरु स्थानीय तहमा पेश गर्नुपर्नेछ ।

(क) एकल महिला प्रमाणित हुने कागजात
(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
(ग) अनुसूची २ बमोजिम लिन चाहेको सहयोगको क्षेत्र खुलाई व्यक्तिगत निवेदन

९. **एकल महिला संरक्षण कार्यक्रम सम्बन्धी खर्चको मापदण्डः** दफा ६ बमोजिम अनुदान रकम पाउन छनौट भएका एकल महिलाहरुलाई स्थानीय तहले बढीमा रु. १००००।(दश हजार) सम्मको रकम अनुदान स्वरुप उपलब्ध गराउनेछ ।

१०. **वाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो वाधा अड्काउ फुकाउनेछ ।

११. **संशोधन एवं हेरफेरः** यस कार्यविधिमा संशोधन एवं हेरफेर गर्न आवश्यक ठानेमा मन्त्रालयले आवश्यक संशोधन एवं हेरफेर गर्न सक्नेछ ।

सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

## अनुसूची १

### परिच्छेद २ को दफा ७ खण्ड (च) सँग सम्बन्धित

### रकम उपलब्ध गराइएका एकल महिलाहरुको विवरण ढाँचा

| सि.नं | नाम थर | ठेगाना | उमेर | एकल महिलाको प्रकार | सहयोग उपलब्ध गराइएको क्षेत्र | उपलब्ध गराइएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

सचिव

अनुसूची २

परिच्छेद २ को दफा ८ खण्ड (ग) सँग सम्बन्धित

सहयोग मागको निवेदन ढाँचा

मितिः.........................

श्री प्रमुखज्यू,

..................................................गा.पा./न.पा.को कार्यालय

...........................................................

गण्डकी प्रदेश, नेपाल ।

म सम्बन्ध विच्छेद गरेकी महिला/ विधवा / पैंतिस वर्ष उमेर पूरा गरेकी अविवाहित महिला/पाँच वर्षभन्दा बढी समय देखि पति हराई वा बेपत्ता भएकी महिला / अंश वण्डा गरी वा मानो छुटिई पतिसँग अलग बसेकी एकल महिला आर्थिक अवस्था कमजोर भएकोले स्वरोजगार /जीविकोपार्जन सहयोग/औषधी उपचार/कानुनी उपचार तथा मनोसामाजिक विर्मश/शैक्षिक सहयोग/राहत तथा पुनर्स्थापना/उद्धार सहयोगको लागि एकल महिला संरक्षण कार्यक्रम सम्बन्धी कार्यविधि, २०७६ को आधारमा तोकिएको रकम पाउँ भनी आवश्यक कागजात यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको छु ।

निवेदकको नाम थरः

उमेरः.........

दस्तखतः ...........................

सम्पर्क नं...........................

ठेगाना :.......................................

न.पा./गा.पा. ................................

वडा नं. ........

टोलः

सामाजिक ...
गण्डकी ...
पोखरा, नेपाल